नेपाल सरकार

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

# नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठान

थापागाउँ, बिजुलीबजार, काठमाडौं

## एकेडेमिक कोअर्डिनेटर पदमा कर्मचारी सेवा करारमा लिने सूचना

(सूचना प्रकाशन मिति २०७८।०३।०१)

यस प्रतिष्ठानको लागि स्नातक तहको एकेडेमिक कोअर्डिनेटर (सहायक प्रशिक्षक) अधिकृतस्तर तृतिय पदमा कर्मचारीको सेवा आवश्यक भएकोले सो पदको सेवा करारमा लिनको लागि तपसिल बमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट वैयक्तिक विवरण (Bio-Data) यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र पेश गर्न आव्हान गरिएको छ ।

१. **पदः** एकेडेमिक कोअर्डिनेटर (सहायक प्रशिक्षक) स्नातक तह

२. **पद संख्याः** १ जना

३. **वैयक्तिक विवरण दिने स्थानः** नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठानको कार्यालय, थापागाउँ, काठमाडौं ।

४. **काम गर्नुपर्ने स्थानः** नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठानको कार्यालय, थापागाउँ, काठमाडौं ।

५. **गर्नुपर्ने कामः** शैक्षिक कार्यक्रमसँग सम्बन्धित कार्यहरू ।

६. **न्यूनतम शैक्षिक योग्यताः** मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापनमा **स्नातकोत्तर तह वा सो सरह** उत्तिर्ण गरी कम्तिमा **३ बर्ष स्नातक वा स्नातकोत्तर तह** सञ्चालन तथा व्यवस्थापनको **शैक्षिक संयोजक** भई काम गरेको वा कुनै विषयमा विद्यावारिधी गरी दुई वर्षसम्म अधिकृत स्तरको प्रशिक्षण गरेको ।

७. **आवश्यक कागजपत्र र छनौट प्रक्रियाः** निवेदन साथ निवेदकबाट हस्ताक्षरित वैयक्तिक विवरण (Bio-Data) । पेश भएको व्यक्तिगत विवरणमा उल्लिखित शैक्षिक योग्यता र अनुभवका प्रमाणपत्रहरूको सक्कलप्रति अर्न्तवार्ताको समयमा लिएर उपस्थित हुनुपर्नेछ । शैक्षिक योग्यता, कार्य अनुभव र अन्तरवार्ताको आधारमा कर्मचारीको छनौट हुनेछ ।

८. **अन्तरवार्ता हुने मितिः** २०७८ असार १० गते बिहिबार बिहान ११ बजेबाट हुनेछ ।

९. उम्मेद्वार शारीरिक तथा मानसिक रूपमा स्वस्थ भएको हुनुपर्नेछ ।

१०. **तलब सुविधाः** छनौट भई सेवा करार सम्झौता गरिएका उम्मेदवारले नेपाल सरकार अधिकृत स्तरका कर्मचारीले पाए सरह न्यूनतम तलबमान तथा नेपाल सरकारले तोकेको महंगी भत्ता मात्र प्राप्त गर्नेछ । सो बाहेक निजले इन्धन तथा अन्य सुविधा कार्यालयले निर्धारण गरे बमोजिम हुनेछ । कार्यालयको पूर्व स्वीकृति लिई सरकारी काममा भ्रमण गर्दा नियमानुसार भ्रमण भत्ता पाउन सक्नेछ ।

११. **पदावधिः** १ वर्ष । सो अवधि पश्चात समयावधी आवश्यकता अनुसार थप गर्न सक्नेछ । काम सन्तोषजनक नभएमा प्रतिष्ठानले जुनसुकै समयमा हटाउन सक्नेछ । उम्मेद्वारले करारको समावधी रहेको बखत एकपटक करार गरिसकेपछि वा करार थप भएपछि करार अवधि रहँदा रहँदै सेवाबाट अलग हुन पाउने छैन ।

१२. यस सुचनामा उल्लेख नभएका अन्य कुराहरू नियम बमोजिम हुनेछन् ।

०३/०१